२२४९/४४२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २०६/०७३/७४
निर्णय नं. ४४२

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निबासी शारदा भुषाल (झा) ......................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ बिकास समितिको कार्यालय, माल्टा, ललितपुर ..........................१ } विपक्षी
सूचना अधिकारी, गाउँ बिकास समितिको कार्यालय, माल्टा, ललितपुर ..........................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निबासी शारदा भुषाल (झा)ले गाउँ बिकास समितिको कार्यालय, माल्टा, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१२ मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई ७ (सात) दिन भित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी गाउँ बिकास समितिको कार्यालय, माल्टा, ललितपुरलाई मिति २०७३।०८।०५ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि आयोगको च. नं. ७०२ मिति २०७३।०८।०६ को पत्रबाट लेखी गएको । तत् पश्चात पुनरावेदकले गाउँ बिकास समितिको कार्यालय, माल्टा, ललितपुरबाट माग बमोजिमको सूचना प्राप्त गरेको भनी हस्ताक्षर गरेकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।